नीति अनुसन्धान प्रतिष्ठान
Policy Research Institute
(नेपाल सरकारको विशेषज्ञ समूह)

प.सं. :–
च.नं. :–

मिति :–

# प्रेस विज्ञप्ति

नीति अनुसन्धान प्रतिष्ठानको स्थापना भएको दिन असोज १० गतेलाई प्रत्येक वर्ष नीति अनुसन्धान प्रतिष्ठान दिवसको रुपमा मनाइँदै आएको कुरा सबैलाई विदितै छ। तर, यस वर्ष भोटेकोशी नदीमा आएको भीषण बाढीका कारणले जन धनको ठूलो क्षति भै मुलुक नै शोकको अवस्थामा रहेको हुँदा यस्तो अवस्थामा नीति अनुसन्धान प्रतिष्ठानले प्रतिष्ठान दिवस मनाउन उपयुक्त नहुने ठानी यस वर्ष सो दिवस नमनाउने निर्णय गरेको छ।

यस वर्ष स्थापना दिवस नमनाए पनि यस अवसरमा नीति अनुसन्धान प्रतिष्ठान नेपाल सरकार, आफ्ना सल्लाहकारहरू, विधागत विज्ञहरू, अनुसन्धानका सहयोगकर्ताहरू, स्वदेश र विदेशमा रहेका सहकर्मी सँस्थाहरू तथा अन्य सबै शुभचिन्तकहरूप्रति वहाँहरूको सहयोग र सद्भावको लागि हार्दिक आभार प्रकट गर्दै भविष्यमा पनि सहयोगको अपेक्षा गर्दछ। साथै, नीति अध्ययन अनुसन्धान र समीक्षाको माध्यमबाट नेपाल सरकारलाई निरन्तर सेवा उपलब्ध गराइरहने प्रतिबद्धता पनि व्यक्त गर्दछ।

नीति अनुसन्धान प्रतिष्ठान
नारायणहिटी, काठमाडौं।
२०८३/०६/०८ गते

नारायणहिटी, काठमाडौं, नेपाल
फोन: ००९७७-१-४५३०५१७/४५३४९७९
Narayanhiti, Kathmandu, Nepal
Tel: 00977-1- 4530517, 4534979
Email: info@pri.gov.np
Website: www.pri.gov.np